**श्री**

**राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर**

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री बासुदेव खनाल**

**फैसला**

२०७९/०८० सालको निर्णय नं. २६०

पुनरावेदन नं. ०७६-RB-००५८

पुनरावेदन दर्ता मितिः-२०७५।०५।२६

**मुद्दाः– मूल्य अभिबद्धि कर (आ.व.२०७१/०७२)।**

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं.४, नख्खुमा कर्पोरेट कार्यालय रहेको एनसेल प्रा.लि.को तर्फबाट ऐ.का अधिकारप्राप्त प्रमुख अधिकृत, कानून संस्थागत सरकारी तथा नियामक मामिला रमेश घिमिरे र ऐ.को अधिकारप्राप्त कम्पनी सचिव निशिका शर्मा..........................................................................१ } पुनरावेदक

**विरुद्ध**

ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर..........................................१
ऐ.का कर अधिकृत......................................................................१ } प्रत्यर्थी

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुर
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर प्रशासक श्री धनिराम शर्मा
शुरु कार्यालयको निर्णय मितिः-२०७६।०१।१५

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट :- विद्वान वरिष्ठ अधिवक्ता श्री महेशकुमार थापा,
विद्वान अधिवक्ता श्री कैलाश न्यौपाने,
प्रत्यर्थी कार्यालयका तर्फबाट :- विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

पुनरावेदक कम्पनीका हकमा ठूला करदाता कार्यालय, ललितपुरबाट मिति २०७६।०१।१५ मा भएको अन्तिम कर निर्धारणको निर्णय उपर आन्तरिक राजस्व विभागमा प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिएकोमा आन्तरिक राजस्व विभागबाट ६० दिनभित्र निर्णय दिनु पर्नेमा उक्त निर्णय दिएको सूचनाको जानकारी हालसम्म नआएको भनी विभागलाई जानकारी दिई राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम करदाताको तर्फबाट परेको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यसप्रकार रहेको छ।

## तथ्य खण्ड

१. ठूला करदाता कार्यालयको कार्यक्षेत्र अन्तर्गतका दूरसंचार सेवा प्रदान गर्ने करदाता श्री एनसेल प्रा.लि.को मिति २०७५।१२।२५ मा स्वीकृत पूर्ण लेखापरिक्षण प्रतिवेदनको आधारमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम कर, जरिवाना, ब्याज र थप दस्तुरसमेत गरी जम्मा रू.१२,४२,५३,४३८।- को प्रारम्भिक कर निर्धारण आदेश करदाताको नाममा मिति २०७५।१२।२६ मा जारी भएको।

२. ठूला करदाता कार्यालयबाट करदाताको नाममा मिति २०७५।१२।२६ मा जारी भएको रकममा कर निर्धारण हुनु नपर्ने वा सोमा परिवर्तन गर्नुपर्ने कुनै ठोस आधार वा सवूत प्रमाण भए सो आदेश प्राप्त गरेको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन अन्यथा नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला हुने गरी रकम जम्मा गर्नु हुन भनी जारी गरिएको उक्त प्रारम्भिक कर निर्धारण आदेश पत्र करदाता कम्पनीका कर्मचारी श्री निरज महर्जनले मिति २०७५।१२।२६ मा बुझि सो को जवाफ मिति २०७६।०१।१० मा पेश गरेको।

३. प्रारम्भिक कर निर्धारण आदेश अनुसारको कर, जरिवाना, थप दस्तुर र व्याज समेतको जम्मा रकम रु.१२,४२,५३,४३८।- (अक्षेरुपी बाह्र करोड बयालिस लाख त्रिपन्न हजार चार सय अडतिस मात्र) को मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण गर्ने र उक्त आदेशको मिति भन्दा पछिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९(२) बमोजिम थप दस्तुर एवं दफा २६ बमोजिम व्याज लाग्ने भए विभागको कम्प्युटर (आई.टी.एस.) प्रणालीबाट सो समेत गणना गरी, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने भन्ने समेत वेहोराको मिति २०७६।०१।१५ मा ठूला करदाता कार्यालयबाट खडा भएको निर्णय पर्चा।

४. करदाता एनसेल प्रा.लि.ले पेश गर्नुभएको जवाफ तथा प्रमाण कागजातहरु समेतको मूल्याकंन गर्दा निम्नानुसारको कर रकम रु.१२,४२,५३,४३८।- (अक्षेरुपी बाह्र

करोड बयालिस लाख त्रिपन्न हजार चार सय अडतिस मात्र) तिर्नु पर्ने देखिन आएको छ। उक्त रकम यो आदेश जारी भएको मितिले १५ दिन भित्र नेपाल सरकारको सर्वसंचित कोषमा दाखिला हुने गरी पुल्चोक ललितपुर स्थित एभरेष्ट बैंकमा रहेको यस कार्यालयको खातामा नगद दाखिला गर्नु होला। यो आदेश जारी भएको मितिले १५ दिन भित्र कर नबुझाएमा जरिवाना, थप दस्तुर तथा ब्याज लाग्ने व्यहोरा सुचित गरिन्छ भन्नेसमेत व्यहोराको च.नं.६३५१ को पत्रबाट मिति २०७६।०१।१७ मा करदाताको नाममा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट जारी भएको अन्तिम कर निर्धारण आदेश।

५. मिति २०७६।०१।१७ मा ठूला करदाता कार्यालय, हरिहरभवन ललितपुरबाट मूल्य अभिवृद्धि कर तर्फ आ.व. २०७१/०७२ को लागि करदाताको नाममा जारी भएको अन्तिम कर निर्धारण आदेश उपर चित्त नवुझी करदाता एनसेल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनको लागि मिति २०७६।०२।१५ मा आन्तरिक राजस्व विभाग लाजिम्पाट, काठमाडौंमा पेश गरेको निवेदन पत्र।

६. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७६।०१।१७ मा जारी गरेको आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी श्री एनसेल प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०२।१५ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेकोमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३१क.(४) बमोजिम ६० दिनभित्र निर्णय गरि सक्नुपर्नेमा सो नभएको कारणबाट ऐ.ऐनको दफा ३१क.(५) बमोजिम आन्तरिक राजस्व विभागलाई जानकारी दिई म्यादभित्र यस राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गरेको।

७. निवेदकले मिति २०७६।०५।३० मा मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३१क.(५) बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन गरिने जानकारी गराएको र मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम श्री राजस्व न्यायाधिकरणमा पुनरावेदन दर्ता गराएको वेहोराको जानकारी सहित सोको एक प्रति पुनरावेदनपत्र राखी मिति २०७६।०६।०२ मा निवेदन दर्ता गराएको हुँदा प्रस्तुत निवेदकले पेस गरेको प्रशासकीय पुनरावलोकन निवेदनको तथ्यमा प्रवेश गरी निर्णय दिन मिल्ने देखिएन। तसर्थ प्रस्तुत निवेदकले दर्ता गरेको प्रशासकीय पुनरावलोकनको निवेदन लगतबाट कट्टा हुने भन्ने समेत व्यहोराको मिति २०७६।०९।२० मा भएको आन्तरिक राजस्व विभागको निर्णय।

८. करदातालाई Obsolete Inventory, स्थीर सम्पत्ति खरिद गर्दा एकमुष्ट क्रेडिट दाबी गरेको तर सो सम्पत्ति प्रयोग अवधि समाप्त नहुदै अपलेखन गर्दा मुल्य अभिबृद्धि कर नियमावलीको प्रकृया पुरा नगरेको भनी र कारोवार सँग असम्बन्धित खरिदमा तिरेको

कर कट्टी दिन नमिल्ने भनी त्यसमा लाग्ने शुल्क, ब्याज र जरिवाना समेत निर्धारण गरी कर, जरिवाना, थप दस्तुर र व्याज समेतको जम्मा रकम रु.१२,४२,५३,४३८।- (अक्षेरुपी बाह्र करोड बयालिस लाख त्रिपन्न हजार चार सय अडतिस मात्र) मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० बमोजिम कर निर्धारण आदेश र उक्त आदेशको मिति भन्दा पछिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १९ (२) बमोजिम थप दस्तुर एवं दफा २६ बमोजिम व्याज समेत गणना गरी, मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९ (३) बमोजिम अन्तिम कर निर्धारण गर्ने गरी गरिएको आदेश समेत बदर उल्टी गरी सो आदेश वमोजिमको विबादित कर, जरिवाना, थप दस्तुर तथा ब्याज समेतको रकम तिर्न, बुझाउन नपर्ने फैसला गरि पाउँ भन्ने समेत बेहोराको करदाताको तर्फबाट मिति २०७६।०५।२६ मा यस न्यायाधिकरणमा पेश भएको पुनरावेदन पत्र।

९. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) वमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालय काठमाडौंलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भन्ने मिति २०७९।०१।२३ मा यस न्यायाधिकरणबाट भएको आदेश।

## ठहर खण्ड

१०. नियम बमोजिम पेशी सूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता एनसेल प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री महेश कुमार थापा र विद्वान अधिवक्ता श्री कैलाश न्यौपानेले ठूला करदाता कार्यालयबाट पुनरावेदक करदाताको हकमा भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश मिलेको नहुँदा बदर गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले शुरु कार्यालयबाट भएको मूल्य अभिबृद्धि कर निर्धारणको आदेश कानून सम्मत नै रहेको देखिँदा सदर गरी पाउँ भनी गर्नु भएको बहस समेत सुनियो।

११. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट मिति २०७६।०१।१५ मा पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश मिलेको छ, छैन? पुनरावेदक करदाताको जिकिर पुग्न सक्छ, सक्दैन भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१२. अब पुनरावेदकको पुनरावेदन जिकिर तर्फ हेर्दा, Obsolete Inventory भनी रू.३५,५१,९०,१४३।- खर्च लेखेकोमा आयकर तर्फ आफैंले खर्च अमान्य गरेको तर मूल्य अभिवृद्धि कर तर्फ नवुझाएको भनी सोही वस्तुको विक्रीबाट प्राप्त आय रू.३५,५१,९०,१४३।- लाई लागत मूल्यमा नै विक्री भएको मानि ऐ. ऐनको दफा

२० (१) (ट) बमोजिम मू.अ. कर रु.४,६१,७४,७१८।५९ निर्धारण गरी ऐ. ऐनको दफा २९(१क) बमोजिम २५ प्रतिशत जरिवाना रु.१,१५,४३,६७९।६५ गरी ऐ. ऐनको दफा १९ बमोजिम लाग्ने थप दस्तुर र दफा २६ बमोजिम लाग्ने व्याज समेत गणना गरी भएको कार्यालयको निर्णय त्रुटीपूर्ण हुँदा बदर गरी पाउँ भन्ने पहिलो पुनरावेदन जिकिर रहेको पाइयो। दाबीको रकम वापत मूल्य अभिवृद्धि कर बुझाउनु पर्ने कुरालाई करदाताले समेत स्वीकार गरी दाखिला गरेको समेत पाईयो। कर दाखिला गर्दा व्याज मात्र हिसाब गरी दाखिला गरेकोमा मू.अ. कर ऐन २०५८ को दफा १९ को उपदफा (२) मा "*करदाताले प्रत्येक कर अवधि समाप्त भएको मितिले २५ दिन भित्र कर नबुझाएमा बाँकी रहेको कर रकममा बार्षिक दश प्रतिशतका दरले थप दस्तुर लाग्नेछ*" भन्ने व्यवस्था रहेको छ। करदाताले थप दस्तुर दाखिला गरेको पाइएन । केवल उक्त कर दाखिला गर्दा मू.अ.कर विवरणमा कारोबार उल्लेख नगरी सोझै राजस्व भौचरबाट दाखिला गरेको कारण Audit Trail Report मा Unused रुपमा रहेको भनी शुरु ठूला करदाता कार्यालयले निर्णयमा स्पष्ट उल्लेख गरेको देखियो। नेपाल सरकारले करदाताबाट प्राप्त गर्नुपर्ने उक्त कर करदाताले कारोबार स्पष्ट उल्लेख नगरेको कारण भिडान हुन नसकी Unused रुपमा रहेको कारण समयमा दाखिल भई फरफारक हुन नसकेको स्थितिमा करदाताको प्राविधिक त्रुटी औंल्याउदै अन्तिम कर निर्धारण गरेको देखिंदा ठूला करदाता कार्यालय हरिहरभवनको उक्त निर्णयलाई अमान्य भन्न मिलेन।

१३. करदाताको दोस्रो पुनरावेदन जिकिर ठूला करदाता कार्यालयले रु.२,२७,९७,७०७।२३ वरावरको सम्पत्ति विक्री गरेको तथा मू.अ.कर दाखिला गरेको प्रमाण पेश नगरेको भनी अन्तिम कर निर्धारण गरेको निर्णय त्रुटीपूर्ण रहेको भन्ने सम्बन्धमा रहेको पाइयो। करदाताले उक्त सम्पत्ति कार्यालय सरेको कारण काम नलाग्ने भई विक्री गरेको हो। विक्रीमा उठाएको मूल्य अभिवृद्धि कर तिरि बुझाइसकेको छ भन्ने जिकिर लिएको भए पनि कुन कुन सम्पत्ति के कति मूल्यमा विक्री गरेको भन्ने विवरण सहित कर दाखिल गरेको प्रमाण पेश गर्न सकेको मिसिलबाट देखिएन। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (४) मा "*यस दफा वमोजिम कर कट्टी सुविधा प्रदान गरिने वस्तु वा सेवाको तोकिए वमोजिमको उपयोगिताको अवधि समाप्त हुनु भन्दा अगावै कर लाग्ने कारोवारमा प्रयोग हुन छाडेमा तोकिए वमोजिम सो वस्तु वा सेवा तत्काल वजार मूल्यमा विक्री भएको मानी कर असुल उपर गरिनेछ।*" भन्ने व्यवस्था रहेको र करदाताले पनि कार्यालय सरेको कारण काम नलाग्ने भई विक्री गरेको भन्ने जवाफ दिएको सन्दर्भमा करदाताले अपलेखन गरेको रु.२,२७,९७,७०७।२३ को लिडहोल्ड सम्पत्तिको हकमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१)(ट) आकर्षित हुने भई

ठूला करदाता कार्यालयबाट सोही दफाको उपदफा (१)(घ) वमोजिम रु.२९,६३,७०२।- मू.अ.कर निर्धारण गरी त्यसमा दफा २९(१क) वमोजिम पच्चिस प्रतिशत जरिवाना रु.७,४०,१२६।- र दफा १९ वमोजिमको थप दस्तुर तथा दफा २६ वमोजिमको ब्याज समेत गणना गर्ने गरी भएको निर्णय कानून सम्मत नै देखियो।

१४. पुनरावेदकको अन्तिम पुनरावेदन जिकिर कारोवार सँग असम्बन्धित खरिदमा तिरेको कर कट्टी दिन नमिल्ने भनी कर रू.२१,७२,७८६।- क्रेडिट अमान्य गर्ने गरी भएको निर्णय त्रुटीपूर्ण छ भन्ने रहेको देखियो। करदाताले Business Promotion Expenses अन्तर्गत Sponsorship Expenses तथा Representative Expenses शीर्षकमा खरिद रु.१,६७,१३,७४५।- मा तिरेको मूल्य अभिवृद्धि कर रु.२१,७२,७८६।- क्रेडिट दावी गरेकोमा ठूला करदाता कार्यालयबाट करदाताले दावी गरेको उक्त खर्च व्यवसायको कारोवारसँग सम्बन्धित खर्च नभई व्यक्तिगत तथा सामाजिक कार्यको लागि भएको गैर व्यवसायिक खर्च भएको भन्ने आधारमा क्रेडिट अमान्य गरेको निर्णय पर्चाबाट देखिन आयो। करदाताले यो शीर्षकको खर्च Business Promotion Expenses अन्तर्गत गरेको खर्च व्यक्तिगत प्रयोजनका होइनन् भन्ने जिकिर लिएको भएतापनि ऐनको दफा १७(१) मा "*दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोवारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नु पर्ने करको रकम आफुले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ।*" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ।उक्त कानूनी व्यवस्था वमोजिम क्रेडिट पाउनको लागि करदाताले तिरेको कर लाग्ने कारोवार सँग सम्बन्धित वस्तु वा सेवाको खरिद खर्च सँग सम्बन्धित हुन अनिवार्य देखियो। करदाताले गरेको खर्च उक्त दफा १७(१) को परिधि र दायरा भित्र परेको देखिन नआएको हुँदा रु.२१,७२,७८६।- लाई मू.अ.कर ऐन, २०५२ को दफा १७(१) वमोजिम कट्टी दिन नमिल्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय मनासिवै देखिन आयो।

१५. तसर्थ, माथि उल्लिखित तथ्य, आधार एवं कारण समेतबाट पुनरावेदक करदाता एनसेल प्रा.लि. (स्थायी लेखा नं. ३००३२५६९४) को आ.व. २०७१/०७२ को मूल्य अभिवृद्धि कर तर्फ ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७६।०१।१५ मा भएको अन्तिम कर निर्धारण आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरुमा तपसिल बमोजिम गर्नू।

## <u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकिल कार्यालय काठमाडौलाई दिनू।

२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।

३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः- खेम कुमारी बस्नेत

कम्प्यूटर अपरेटरः- चन्द्र बहादुर नेपाली

फैसला मितिः- २०७९।१२।१३।२

प्रमाणीकरण गर्ने लेखा सदस्यः-

फैसला प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप